सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः २०७७।०७८
सूचना नं. ९१

# उद्यम विकास सहजकर्ताका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७७।०७।२१)**

सिस्ने गाउँपालिकाको आ. व. २०७७।०७८ मा नेपाल सरकारले सशर्त रकमको रुपमा उपलब्ध गराएको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालनका लागि उद्यम विकास सहजकर्ता नियुक्त गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएको सम्पूर्ण कागजात संलग्न गरि दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | पद/तह | संख्या | न्यूनतम शैक्षिक योग्यता | आवेदन दस्तुर |
|---|---|---|---|---|
| १२-०७७/०७८ | उद्यम विकास सहजकर्ता | २ (दुई) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटीईभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको, वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परिक्षण तह २ वा ३ तह उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परिक्षा (टि एस एल सी) उत्तीर्ण । | रु.१००० |

**आवेदन दिने स्थानः** सिस्ने गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट रुकुम (पूर्व) वा कार्यालयको ईमेल ठेगाना info@sisnemun.gov.np वा sisnermun@gmail.com.

**दरखास्त फारम साथ पेश गर्नुपर्ने अन्य कागजातहरुः** नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, सम्बन्धित काउन्सिल दर्ता प्रमाणपत्र, पासपोर्ट साईजको ३ प्रति फोटो, अनुभवको प्रमाणित प्रमाणपत्र, आवेदनको ढाँचा यस कार्यालयको वेभसाईट **www.sisnemun.gov.np** बाट डाउनलोड गर्न वा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

**उमेरः** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**तलब सुविधाः** प्रचलित स्केल बमोजिम।

**काम गर्नुपर्ने स्थानः** गाउँ कार्यपालिकाको कार्यालय र खटाएको स्थान।

**करार अवधिः** २०७८ असार मसान्त सम्म।

**दरखास्त दिने अन्तिम मितिः** २०७७।०८।०६ गते कार्यालय समयभित्र।

**छनौटको किसिमः** छोटो सूची र अन्तर्वार्ता ।

**नोटः**

ईच्छुक उम्मेदवारले उल्लेखित भित्र प्राप्त हुने गरी माथी उल्लेखित कागजातहरु सहित सिस्ने गाउँपालिकाको नाममा रहेको नेपाल बैंक लिमिटेड रुकुमकोट रुकुम (पूर्व) स्थित बैंक खाता नं. १८९०३००००१००१००००१ (आन्तरिक राजश्व खाता) मा आवेदन दस्तुर जम्मा गरेको भौचर सहित ईमेल **sisnermun@gmail.com** मा वा कार्यालय स्वयं उपस्थित भई आवेदन दिन सकिनेछ ।

- म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।
- आवेदन परेका मध्येबाट सूचीकरण पश्चात मौखिक परिक्षाको मिति तोकिने छ। दरखास्तको म्याद समाप्त भएको दिन वा भोलिपल्ट उम्मेदवारहरुको सूचिकरण सूचना प्रकाशन गरिनेछ र थप जानकारीका लागि फोन नं. ०८८-४१३०६४, ९८५११४४३१७ वा गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

चिन्तामणि दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत